**बिक्री केन्द्र (कोसेली घर)सञ्चालन कार्यविधि, २०८०**

व्यवसायहरुमा वढी भन्दा वढी उद्यमीहरुको संलग्नता गराउन, गुणस्तरीय उत्पादनमा वृद्धि गर्न, उत्पादित वस्तुहरुको प्रवर्द्धन तथा बजारीकरण गर्न, स्थानीय तथा वाह्य मागको पूर्ति गर्दै दिगो आम्दानीको श्रोतको रुपमा विकास गर्न र नगरपालिकाबाट प्रदान गरीएका सीपमूलक तालिमबाट उत्पादित वस्तुहरुलाई समेत बिक्री गर्ने बजारीकरण गर्ने, तालिम प्राप्त व्यक्तिहरुलाई रोजगारी प्रदान गर्ने उद्देश्यले नेपालको संविधान धारा २२६ र स्थानीय सरकार संचालन ऐन,२०७४को दफा १०२ को उपदफा २ बमोजिम गौरादह नगरपालिकाले **बिक्री केन्द्र (कोसेली संचालन)** सञ्चालन गर्नका लागि यो कार्यबिधि, २०८० लागु गरेकोछ ।

**२. संक्षिप्त नाम र प्रारम्भ :**

२.१. यो कार्यविधिको नाम : "विक्री केन्द्र (कोसेली घर) संचालन कार्यबिधि, २०८०" रहेकोछ ।

२.२. यो कार्यबिधि तुरुन्त लागूहुनेछ ।

**३. परिभाषा :**

३.१. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "नगरपालिका" भन्नाले गौरादह नगरपालिका भन्ने बुझ्नुपर्दछ ।

(ख) "साझेदार" भन्नाले नगरपालिकाको विक्री केन्द्र (कोसेली घर) सञ्चालन कार्यमा सहयोग गर्ने संस्था वा व्यक्ति भन्ने सम्झनुपर्दछ ।

(ग) "उद्यमी" भन्नाले घरेलु तथा साना उद्योग (ढाका कपडा वुनाई, सेनिटरी प्याड, फाइबरको झोला, ब्याग, चप्पल निर्माण हेण्डिक्राफ्ट) आदि उद्यममा संलग्न व्यक्ति वा समूह भन्ने बुझ्नुपर्दछ ।

(ङ) "विक्री केन्द्र (कोसेली घर)" भन्नाले उद्यमीहरुले उत्पादन गरेका वस्तुहरु विक्रि वितरण तथा सेवा प्रदान गर्न खांलिएको पसल भन्ने सम्झनुपर्दछ ।

(च) "वस्तु" भन्नाले घरेलु तथा साना उद्योग व्यवसायीहरुले उत्पादन गरेको सम्वन्धी सामान समेतलाई जनाउँछ ।

(छ) "क्रेता" भन्नाले विक्री केन्द्र (कोसेली घर)मा उपलव्ध वस्तु वा सेवा खरिद गर्ने व्यक्ति वा समुह सम्झनुपर्दछ ।

(ज) "सेवा" भन्नाले बिक्री केन्द्र (कोसेली घर)बाट प्रवाह गरिने सेवाहरू सम्झनुपर्दछ ।

(झ) "समिति" भन्नाले विक्री केन्द्र सञ्चालन समिति भन्ने सम्झनुपर्दछ ।

**४. कार्यविधिको उदेश्य:**

४.१. ब्यबसायीहरुलाई आवश्यक पर्ने कच्चा पदार्थहरु सुपथ मूल्यमा उपलव्ध हुने वातावरणको श्रृजना गर्ने ।

४.२. ब्यबसायहरुमा संलग्न ब्यबसायीहरु,श्रमिकहरुलाई आफ्नो श्रमको उचित मूल्य पाउने वातावरणको सृजना गर्ने ।

४.३. ब्यबसायहरुमा संलग्न ब्यबसायीहरुले उत्पादन गरेको बस्तुहरुको प्रवर्द्धन तथा बजारीकरणमा सहयोग गर्ने ।

४.४. ब्यबसायहरुमा न्यून आय भएका, आर्थिकरुपमा कमजोर महिला, दलित, आदिबासी, जनजाती तथा युवाहरुको संलग्नता अभिबृद्धि गरि उनीहरुको जीबिकोर्पाजनमा सहयोग पुर्‍याउने ।

**५. विक्री केन्द्र (कोसेली घर) सञ्चालन तथा व्यवस्थापन :**

५.१. विक्री केन्द्रलाई प्रभावकारी, व्यवस्थित एवं दिगो रुपमा सञ्चालन गर्नका लागि देहाय अनुसारका क्रियाकलापहरु अवलम्वन गरिनेछ।

५.२ विक्री केन्द्र (कोसेली घर) संचालनको लागि व्यवसायमा संलग्न संस्था वा व्यक्तिको पहिचान गरी नीज संस्था वा व्यक्तिसंग सम्झौता गरी सञ्चालन गरिनेछ, जसको सम्पूर्ण व्यवस्थापकीय जिम्मा सम्वन्धित संस्था वा व्यक्ति को नै रहनेछ ।

५.३. विक्री केन्द्र सञ्चालन गर्ने संस्था वा व्यक्तिले उचित मूल्यमा नगर क्षेत्रमा उत्पादन भएका सामाग्रीहरुको संकलन गर्नेछ ।

५.४. नगरका उद्यमीहरुलाई आवश्यक पर्ने कच्चा पदार्थ, मेसिन औजार उचित मूल्यमा विक्री केन्द्रमा नै उपलब्ध हुने व्यवस्था विक्री केन्द्र संचालन गर्ने संस्था वा व्यक्तिको हुनेछ ।

५.५. उल्लेखित व्यवसायहरुवाट उत्पादित वस्तुहरुको प्रवर्द्धन, बजारीकरण तथा गुणस्तरीय उत्पादनमा जोड दिईनेछ ।

५.६. नगरपालिकाको तर्फवाट सहभागी हुनुपर्ने कुनै पनि मेला, प्रदर्शनी आदिमा विक्री केन्द्र सञ्चालकलाई प्राथमिकताका साथ सहभागी गराईनेछ ।

५.७ व्यवसायीहरुले उत्पादन गरेको वस्तुहरुको गुणस्तरीय उत्पादन वृद्धिका लागि नगरपालिका आफैले वा अन्य साझेदार निकायहरुसँगको साझेदारीमा विभिन्न सीपमूलक तालिमहरुको आयोजना गर्नेछ ।

## ६. खरिद तथा विक्रि मूल्य निर्धारण समिति :

उल्लेखित वस्तु उत्पादनमा संलग्न उद्यमीहरु/श्रमिकहरुलाई आफ्नो श्रमको उचित मूल्य पाउने अवस्थाको सुनिश्चितता गर्न, उत्पादित वस्तुहरु सर्वसुलभ मूल्यमा अत्यधिक मात्रामा विक्री वितरण गर्न देहायको समिति गठन हुनेछ । नगरपालिकाको लेखा अधिकृत संयोजक,महिला तथा बालबालिका शाखा प्रमुख सदस्य, नगर प्रमुखले तोकेको व्यवसायीहरुको तर्फवाट १ जना सदस्य रहनेछ । समितिले विकी कक्ष सञ्चालन सहजीकरण तथा वस्तु वा सेवाको मूल्य तय गर्नेछ ।

## ७. लाभांश बाँडफाँड :

७.१. विक्री केन्द्र (कोसेली घर)सञ्चालनबाट प्राप्त भएको कुल आम्दानी रकमवाट सम्पूर्ण खर्च रकम घटाई वाँकी रहेको मुनाफा रकमवाट लागत सहभागिताको आधारमा नगरपालिका र साझेदार विच लाभांश बाँडफाँड गरिनेछ ।

७.२. यसका लागि साझेदार संस्था वा व्यक्तिले दैनिक खरिद/विक्रि तथा अन्य कारोवारको अभिलेख राख्नेछ, साथै अभिलेखको रुजु मासिक रुपमा समितिले गर्नेछ ।

७.३. उधारो विक्री गर्नेछैन । उधारो खरिद गर्न सक्नेछ । त्यस बापतको रकम खरिद मितिले एक महिना भित्र भूक्तान गरिसक्नु पर्नेछ ।

७.४ प्रत्येक महिनाको अन्तिम दिन र प्रत्येक आ.व को अन्तिम दिनको stock (मौज्दात)को प्रतिवेदन तयार गर्नुपर्नेछ ।

७.५ विक्री केन्द्र (कोसेली घर) सञ्चालनको क्रममा प्राप्त भएको खुद मुनाफा रकमवाट लागत सहभागिताको आधारमा प्राप्त हुने हिस्सा नगरपालिकालाई वुझाउनु पर्नेछ भने वाँकि हिस्सा साझेदार आफैले राख्नेछ । Audit Report प्राप्त भएको १५ दिन भित्र लाभांश बापतको नगरपालिकाको हिस्सा भुक्तानी गर्नुपर्नेछ ।

७.६ खरिद तथा विकी खाता राख्नुपर्नेछ साथै खरिद तथा विकीको दैनिक वह्री र नगदी वह्री राखी पारदर्शी ढंगले राख्नुपर्नेछ ।

७.७ विक्री केन्द्र (कोसेली घर) को आय-व्ययको बिवरण सम्बन्धित नगरपालिका महिला तथा बालबालिका शाखाले मागेको समयमा पेश गर्नुपर्नेछ ।

**८. विक्री केन्द्र (कोसेली घर) संचालनका लागि बजेट व्यबस्थापन:**

८.१ कोशेली घरलाई दिगो रुपमा सञ्चालन गर्नका लागि तपसील बमोजिम बजेट व्यबस्थापन गरिने छ ।

८.२ नगरपालिकाबाट विक्री केन्द्र (कोसेली घर) सञ्चालन गर्न छुट्याएको रकम ।

८.३ विक्री केन्द्र सञ्चालन गर्ने संस्था वा व्यक्तिले गर्ने लागत सहभागिता बापतको रकम ।

८.४ संघ वा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम ।

८.५ विभिन्न संघ संस्था, साझेदार वा दातृ निकायबाट प्राप्त अनुदान रकम ।

८.६ विक्री केन्द्र सञ्चालन गर्न दान दातव्यबाट प्राप्त रकम ।

८.७ २ को उपदफा १ बमोजिमको बजेट व्यवस्थापनबाट विक्री केन्द्र ( कोसेली घर) व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य गर्नुपर्नेछ ।



CamScanner

**९. लागत साझेदारी :**

९.१ नगरपालिका र बिक्री केन्द्र बिचको लागत साझेदारी ७०:३० को आधारमा व्यहोरिनेछ ।

**१०. बिक्री केन्द्र संचालन तथा कार्यान्वयन समिति :**

१०.१. प्रस्तुत कोशेली घर सञ्चालन गर्नका लागि देहायनुसारको समिति गठन गरिनेछ :

क) नगरप्रमुख - संयोजक

ख) नगर उपप्रमुख - सदस्य

ग) वस्तु उत्पादकहरुको प्रतिनिधि १ जना - सदस्य

घ) महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य

ङ) साझेदार संस्था,फर्म, संचालक - सदस्य सचिव

**११. बिक्री केन्द्र (कोसेली घर) सञ्चालन तथा कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार :**

(क) बिक्री केन्द्र संचालन सम्वन्धी योजना निर्माण तथा कार्यान्वयनमा सहयोग गर्ने ।

(ख) योजना कार्यान्वयन गर्न आवश्यक श्रोत सुनिश्चितता गर्ने ।

(ग) बिक्री केन्द्रलाई दिगो रुपमा सञ्चालनार्थ श्रोत सङ्कलनका लागि सरकारी, गैह्रसरकारी, विकास साझेदारी तथा नीजि क्षेत्रका संघसंस्थाहरूसँग समन्वय गर्ने ।

(घ) बिक्री केन्द्र (कोसेली घर)वाट सञ्चालित कारोवारको नियमित अनुगमन गरी सम्वन्धित पक्षलाई सुझाव दिने ।

(ङ) बिक्री केन्द्र सञ्चालनमा कुनै समस्या आईपरेमा सोको निरुपण गर्ने ।

(च) नियमित मासिक बैठक बस्ने, कारोवारको परीक्षण गर्ने, समीक्षा गर्ने तथा आवश्यक सल्लाह तथा सुझाव दिने र लिने ।

**१२. बैंक खाता सञ्चालन :**

बिक्री केन्द्र (कोसेली घर)को आर्थिक कारोवारलाई चुस्त दुरुस्त एवं पारदर्शीरुपमा सञ्चालन गर्नका लागि बिक्री केन्द्र सञ्चालन गर्ने



CamScanner

नगरपालिकाको तर्फवाट आर्थिक प्रशासन शाखा प्रमुख र संस्थाले नगरपालिका समक्ष सिफारीस गरेको सदस्य गरी २ जनाको संयुक्त दस्तखतवाट सञ्चालन हुने गरी छुट्टै वैंक खाता खोली सञ्चालन गरिनेछ ।

**१३. रकम भुक्तानी तथा प्रगति प्रतिवेदन :**

(क) साभ्फेदार संस्था वा व्यक्तिसंग बिक्री केन्द्र सञ्चालनका लागि औपचारिक रुपमा सम्भ्फौता सम्पन्न भए पश्चात सम्भ्फौतामा उल्लेखित शर्तहरुको अधिनमा रहि साभ्फेदारको माग निवेदन वमोजिम नगरपालिकाले साभ्फेदार संस्था वा व्यक्तिलाई वैंक खाता मार्फत रकम उपलब्ध गराउनेछ, ।

(ख) साभ्फेदार वा ब्यक्तिले विक्री केन्द्रको कारोवारहरुको विवरण सहितको मासिक प्रतिवेदन नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(ग) लाभांश वितरणको हकमा वुँदा नं.७.५ मा उल्लेख गरिए अनुरुप हुनेछ ।

**१४. संशोधन** : यस कार्यविधिमा आवश्यकता अनुसार नगर कार्यपालिकाले संसोधन गर्न सक्नेछ ।

**१५. बाधा अड्काउ फुकाउने** : यस कार्यविधि कार्यान्वयनमा बाधा अड्काउ परेमा बाधा अड्काउ फुकाउने तथा ब्याख्या गर्ने अधिकार नगर कार्यपालिकालाई हुने छ ।

**१६. खारेजी तथा बचाउ** : यस कार्यविधिमा भएको कुनै पनि ब्याख्या नेपालको संविधान, प्रचलित संघीय तथा प्रादेशिक कानुनसंग वाभ्फिएमा वाभ्फिएको हदसम्म बदरभागी हुनेछन् ।

**आज्ञाले**

युवराज खतिवडा

प्रमुख प्रशासकीय अधिकृत



CamScanner